जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :-

मिति: २०८१/१२/२७

## सूचना ! सूचना !! सूचना !!!

**विषय: व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी अत्यन्त जरूरी सूचना।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आयोजनामा वि.सं. २०८२ साल बैशाख १ गते देखि ७ गते सम्म देशै भरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य भइरहेको छ। साथै, यस जनकपुरधाम उप-महानगरपालिकाका २५ वटै वडा कार्यालयमा समेत जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता छुट्न गएका सम्पूर्ण सेवाग्राहीहरुले तोकिएको समयमा आ-आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं।

**व्यक्तिगत घना दर्ता किन गर्ने ?**

- ✓ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
- ✓ बालबालिकालाई विद्यालय भर्ना गर्न,
- ✓ नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी र नाबालक परिचयपत्र बनाउन,
- ✓ बैंकमा खाता खोल्न र
- ✓ राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

**"व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो।"**

**नभूल्नुहोस् है,**

**व्यक्तिगत घटना दर्ता सप्ताह,**

**२०८२ बैशाख १ देखि ७ गते सम्म, देशैभरी।**

**"व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरौं/गराऔं"**

**"जिम्मेवार नागरिकको परिचय दिऔं।"**

थप जानकारीको लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा तथा जनकपुरधाम उप-महानगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा सम्पर्क गर्नुहोस्।

(सुनिल ... झा)

शाखा अधिकृत

पञ्जीकरण शाखा प्रमुख

**बोद्यार्थ:**

**श्री सूचना तथा प्रविधिक शाखा:** वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन अनुरोध छ।